# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## यशोधरा गाउँपालिका
## कपिलवस्तु




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश

पत्र संख्याः २०७८।७९
च.नं. २१७

मितिः २०७९।३।२४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
यशोधरा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
कपिलबस्तु ।

**कैफियत सहितको राय**

हामीले यशोधरा गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. यशोधरा गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. २ करोड ३४ लाख ८२ हजार बेरुजू देखिएको छ। सोमध्ये बेरुजू असुल गर्नुपर्ने रू. ७० लाख ३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६४ लाख ३ हजार, नियमित गर्नुपर्ने रू. ८६ लाख ७२ हजार र पेश्की १४ लाख ४ हजार रहेको छ । पालिकाको गत बर्षसम्मको बेरुजू बाँकी रु ८ करोड २८ लाख ६५ हजार रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू ७ करोड ९५ लाख ६४ हजार रहेको छ । यशोधरा गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. यशोधरा गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण मरासिनी)
नायब महालेखापरीक्षक

## यशोधरा गाउँपालिका

## बेरुजु बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४६ | २२ | २३४८२ | ० | ० | ० | ४६ | २२ | २३४८२ | ७००३ | ८६७२ | ६४०३ | ० | ० | १५०७५ | १४०४ |

## अद्यावधिक बेरुजू स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कपिलबस्तु | ८२८६५ | ० | २७२८३ | ५५६८२ | ४०० | २३४८२ | ७९५६४ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : यशोधरा गाउँपालिका, कपिलवस्तु

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | तेज बहादुर सिंह | २०७७-७-१ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | रामचन्द्र ढकाल | २०७७-४-१ | |
| लेखा प्रमुख | निराजन राज लम्साल | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | २३,४८२,६१९ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १९,९४,९४,००० | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३३,६९,५६,००० | **चालु खर्च** | ३४,७७,७३,००० |
| **प्रदेश सरकारबाट अनुदान** | ३,९३,९२,००० | **पूँजीगत खर्च** | १६,८२,३२,००० |
| **राजस्व बाँडफाँट** | ८,३७,२६,००० | **वित्तीय/अन्य व्यवस्था** | ११,५२,८४,००० |
| **आन्तरिक आय** | ९०,७३,००० | | |
| **अन्य आय** | १३,०१,५९,००० | | |
| **कुल आय** | ५९,९३,०६,००० | **कुल खर्च** | ६३,१२,८९,००० |
| **बाँकी मौज्दात** | | १६,७५,१२,००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानिय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्ने स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस यशोधरा गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यशोधरा गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४३ सभा सदस्य, ६७.७६ वर्ग किलोमिटर क्षेत्रफल तथा ३८९५२ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षणको उद्देश्य**<br><br>स्थानीय तहको वित्तीय विवरण तथा कारोबारको नियमितता तथा औचित्यको आधारमा परीक्षण गरी वित्तीय प्रतिवेदन उपर उचित आश्वस्तता प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य रहेको छ । वित्तीय लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति मानदण्ड, व्यवस्थापन प्रतिनिधित्वपत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरिएको स्वीकृत लेखापरीक्षण योजना कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । | |
| ३ | | | **वित्तिय व्यवस्था**<br><br>यस वर्ष पालिकाको सुत्र (SuTRA) को २७२ बाट देखिएको आय व्यय र बाँकीको विवरण यस प्रकार छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ४७,७५,१२,६२२.८० | ४७,२५,७७,५०३.९८ | | ४७,२५,७७,५०३.९८ | ४०,९५,१६,५२१.०३ | | ४०,९५,१६,५२१.०३ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ४७,२९,८७,७४० | ४६,९१,४७,३९९.२९ | ० | ४६,९१,४७,३९९.२९ | ४०,८८,०३,९१४.०३ | ० | ४०,८८,०३,९१४.०३ |
| ११००० कर | ११ | ९,१६,२७,१९० | ८,४८,१७,१५०.६८ | ० | ८,४८,१७,१५०.६८ | ६,९९,४०,८०८.०३ | ० | ६,९९,४०,८०८.०३ |
| १३००० अनुदान | | ३७,८३,६०,५५० | ३७,६३,४८,६२० | ० | ३७,६३,४८,६२० | ३१,८४,५८,००० | ० | ३१,८४,५८,००० |
| संघीय सरकार | १२ | ३३,६९,५६,६२० | ३३,६९,५६,६२० | ० | ३३,६९,५६,६२० | २८,५०,४०,००० | ० | २८,५०,४०,००० |
| प्रदेश सरकार | १२ | ४,१४,०३,९३० | ३,९३,९२,००० | ० | ३,९३,९२,००० | ३,३४,१८,००० | ० | ३,३४,१८,००० |
| १४००० अन्य राजस्व | | २८,००,००० | ७९,६४,४०८.६१ | ० | ७९,६४,४०८.६१ | १,९३,०२,१०६ | ० | १,९३,०२,१०६ |
| १५००० विविध प्राप्ति | | २,००,००० | १७,२२० | ० | १७,२२० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | ४५,२४,८८२.८० | ३४,३०,१०४.६९ | | ३४,३०,१०४.६९ | ७,१२,६०७ | | ७,१२,६०७ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ४५,२४,८८२.८० | ० | ० | ० | ० | ० | ० |
| धरौटी | | ० | ३४,३०,१०४.६९ | ० | ३४,३०,१०४.६९ | ७,१२,६०७ | ० | ७,१२,६०७ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ६७,७४,१२,६२२.८० | ५०,९९,७७,९२८.४६ | | ५०,९९,७७,९२८.४६ | २९,१६,८३,६८५.७२ | | २९,१६,८३,६८५.७२ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६७,२८,८७,७४० | ५०,८५,२५,०९९.४६ | | ५०,८५,२५,०९९.४६ | २९,०७,७०,३२०.७२ | | २९,०७,७०,३२०.७२ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ५,९९,२१,६२० | ५,२०,६७,९१५.७० | ० | ५,२०,६७,९१५.७० | १०,१७,२२,४२४.३४ | ० | १०,१७,२२,४२४.३४ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ३६,५३,००,८८० | २९,६५,२०,३३०.१२ | ० | २९,६५,२०,३३०.१२ | ६,८५,९५,१५२.२१ | ० | ६,८५,९५,१५२.२१ |
| २५००० सहायता (Subsidy) | १८ | ५,५०,००० | ५,४२,८६४ | ० | ५,४२,८६४ | २६,७८,२८७ | ० | २६,७८,२८७ |
| २६००० अनुदान | १८ | ० | ० | ० | ० | ५१,१८,९६६.११ | ० | ५१,१८,९६६.११ |
| २७००० सामाजिक सुरक्षा | १८ | ४,८०,००० | ३,१०,००० | ० | ३,१०,००० | २०,२५,९०० | ० | २०,२५,९०० |
| २८००० अन्य खर्च | १८ | १६,००,००० | १३,४९,४८३ | ० | १३,४९,४८३ | ४,५२,५०,२८१.९७ | ० | ४,५२,५०,२८१.९७ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २४,५०,३५,२४० | १५,७७,३४,५०६.६४ | ० | १५,७७,३४,५०६.६४ | ६,५३,७९,३०९.०९ | ० | ६,५३,७९,३०९.०९ |
| घ. अन्य भूक्तानी | | ४५,२४,८८२.८० | १४,५२,८२९ | | १४,५२,८२९ | २९,१६,८३,६८५.७२ | | २९,१६,८३,६८५.७२ |
| कोषहरु | | ४५,२४,८८२.८० | ० | ० | ० | ० | ० | ० |
| धरौटी | | ० | १५,८५,९७७ | ० | १५,८५,९७७ | ९,१३,३६५ | ० | ९,१३,३६५ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (१,३३,१४८) | | (१,३३,१४८) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (१९,९९,००,०००) | (३,७४,००,४२४.४८) | | (३,७४,००,४२४.४८) | ११,७८,३२,८३५.३१ | | ११,७८,३२,८३५.३१ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २०,२५,४२,२८८.८० | | २०,२५,४२,२८८.८० | ९,११,८६,३०४.१६ | | ९,११,८६,३०४.१६ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (१९,९९,००,०००) | १६,५१,४१,८६४.३२ | | १६,५१,४१,८६४.३२ | २०,९०,१९,१३९.४७ | | २०,९०,१९,१३९.४७ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | १६,५१,४१,८६४.३२ | | १६,५१,४१,८६४.३२ | १८,६८,७४,८९३.५१ | | १८,६८,७४,८९३.५१ |

**स्थानीय संञ्चित कोषः** स्थानीय सञ्चित कोष सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

स्थानीय तहको एकीकृत वित्तीय विवरणले सो पालिकाकत्र सम्पूर्ण आय र व्ययको यथार्थ चित्रण गर्ने गरी कोष तथा लेखा नियन्त्रक कार्यालयबाट C-GAS मार्फत हुने निकासा लगायतका सम्पूर्ण आय व्यय समावेश नगरेको देहाय अनुसार सुत्र र एकीकृत विवरणमा फरक परेको छ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (रू.हजारमा)<br><table><tr><td>विवरण</td><td>म.ले.प.फा.नं. २७२</td><td>एकीकृत आय व्यय विवरण</td><td>फरक</td></tr><tr><td>गत वर्षको अल्या</td><td>२०२५४२</td><td>१९९४९४</td><td>३०४८</td></tr><tr><td>यस वर्षको आम्दानी</td><td>४७२५७८</td><td>५९९३०६</td><td>(१२६७२८)</td></tr><tr><td>यस वर्षको खर्च रकम</td><td>५०९९७८</td><td>६३१२८८</td><td>(१२१३१०)</td></tr><tr><td>बाँकी मौज्दात</td><td>१६५१४२</td><td>१६७५१२</td><td>(२३७०)</td></tr></table>लेखा प्रणाली सुत्रबाट सृजना भएको म.ले.प.फा.नं. २७२ ले पालिकाको यथार्थ आय व्ययको प्रतिनिधित्व गरेको देखिएन । सबै आय व्ययलाई सुत्रको माध्यमबाट एकीकृत गर्नु पर्दछ ।म.ले.प.फा.नं. २७२ अनुसार एकीकृत आय व्यय विवरणमा बढी रहेको रु २३७००००।को हिसाब मिलान हुनु पर्दछ। | |
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा** | |
| ४.१ | | | आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् चालु खर्च खातामा रू. ८३४४५१२९।७२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पूँजीगत खर्च खाताबाट रू. ३३३२७५९१।७२ समेत गरी जम्मा रू. ११६७७२७२१।४४ मिति २०७८।५।२२ मा मूल संचित कोषमा ट्रान्सफर गरेको छ ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।<br>• कार्यालयको श्रेष्ता र बैंकबीचको हिसाव फरक परे वा नपरेको सम्बन्धमा बैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्बन्धमा यकीन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाइयो ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन ।<br>• साना तथा ठूला सबै निर्माण कार्यको नापी किताब कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटलाईज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ ।<br>• कतिपय सडक तथा कुलो÷नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं.उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्बन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन ।<br>• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टिडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बील भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | • सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन।<br>• वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ३६ जनाको दरबन्दी रहेकोमा पुरै पदपूर्ति भएको पाइयो ।<br>• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले कमर्चारीहरूको तलवी प्रतिवेदन पारित नगरी रू. ३६४४७६१४।७० तलब खर्च लेखेको पाइयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकीन हुन सकेन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकीन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.२ | | | सफ्टवेयर खरिद - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सफ्टवेयर खरिद गरी रु. ४८८१६० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ को कार्यान्वयन गरी सफ्वेयर प्रयोग गर्नुपर्दछ । | |
| ४.३ | | | म.ले.प. फारमहरुको प्रयोगः साविकमा रहेका म.ले.प. फारमहरुको सट्टा नयाँ म.ले.प. नम्बरहरु २०७६ अनुसार म.ले.प.फा. नं. ९०१ देखि ९१० आन्तरिक नियन्त्रण प्रणालीसँग सम्बन्धित फारमहरु जस्तै आई.टि. तथा सफ्टवेयरसँग सम्बन्धित अभिलेख, परिवारको दैनिक भ्रमण भत्ता सम्बन्धी अभिलेख, सवारी साधन तथा मेशिन प्रयोगको लगबुक, रसिद नियन्त्रण खाता, भ्रमण प्रतिवेदन, कर्मचारी दस्तखत नमुना अभिलेख आदि म.ले.प. फारमहरु आंशिक रुपमा प्रयोग गरेको देखियो । कार्यालयको कार्यसम्पादनमा मितव्यिता तथा प्रभावकारीता ल्याउन कामको प्रकृतिअनुसार फारमहरूको व्यवस्थित र पूर्ण प्रयोग गर्नुपर्ने देखिन्छ । | |
| ४.४ | | | म.ले.प. फारमहरुको प्रयोगः साविकमा रहेका म.ले.प. फारमहरुको सट्टा नयाँ म.ले.प. नम्बरहरु २०७६ अनुसार म.ले.प.फा. नं. ९०१ देखि ९१० आन्तरिक नियन्त्रण प्रणालीसँग सम्बन्धित फारमहरु जस्तै आई.टि. तथा सफ्टवेयरसँग सम्बन्धित अभिलेख, परिवारको दैनिक भ्रमण भत्ता सम्बन्धी अभिलेख, सवारी साधन तथा मेशिन प्रयोगको लगबुक, रसिद नियन्त्रण खाता, भ्रमण प्रतिवेदन, कर्मचारी दस्तखत नमुना अभिलेख आदि म.ले.प. फारमहरु आंशिक रुपमा प्रयोग गरेको देखियो ।कार्यालयको कार्यसम्पादनमा मितव्यिता तथा प्रभावकारीता ल्याउन कामको प्रकृतिअनुसार फारमहरूको व्यवस्थित र पूर्ण प्रयोग गर्नुपर्ने देखिन्छ । | |
| ४.५ | | | बेरुजु लगतः बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित म. ले. प. फाराम ८०१ बेरुजु लगत, म. ले. प. फाराम ८०२ बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ - बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन, म. ले. प. फाराम ८०५ सम्परीक्षण गोश्वारा अभिलेख फाराम राखेको पाइएन । यसमा सुधार हुनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.६ | | | सेवाप्रवाहको स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ३ वटा ऐन र २ वटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट जन्म दर्ता २५९२ वटा, मृत्यु दर्ता १९२ वटा, बसाइँसराइ ३४ वटा, विवाह दर्ता ७०७ वटा, सम्बन्ध विच्छेद दर्ता १ वटा गरेको विवरण प्राप्त भएको छ । कालोपत्रे सडक ४४१३ मि., ग्राभेल सडक निर्माण सडक ९००० मि. र ग्रभेल सडक मर्मत १३११ मिटर रहेको छ । | |
| ५ | | | **बजेट तथा खर्च व्यवस्थापन** | |
| ५.१ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था बमोजिम नगरेको छ । यस स्थानीय तहमा उपप्रमुख श्री लक्ष्मी कुमारी चौधारीले मिति २०७८।३।१० गते रू. ६२ करोड ५३ लाख ५४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।३० गते पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ५.२ | | | अबण्डा बजेट - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी दफा ७१ बमोजिम बजेट पेश र पारित गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष चालु तर्फ ५२ लाख १५ हजार र पूँजीगत तर्फ १ करोड वडा समिति मार्फत निर्णयगरी संचालन गर्ने योजना र वडा अध्यक्ष मार्फत संचालन हुने योजनामा बजेट राखी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ५.३ | | | बजेट तथा कार्यक्रम तर्जुमा: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ५.४ | | | बजेट सीमा निर्धारण समिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ५.५ | | | क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ४४३०५६२०.०० | २१७७८०१७.०० | ४.३५ |
| सामाजिक क्षेत्र | ३३०३०९८८०.०० | २६७५३३१७७.०५ | ५३.४ |
| पूर्वाधार विकास क्षेत्र | २०३८७४४३०.०० | १३९१७१९८८.५१ | २७.७८ |
| वातावरण तथा विपद्व्यवस्थापन | ४३००००.०० | २२२८००.०० | ०.०४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>संस्थागत विकास र सेवा प्रवाह</td><td>१२६४००००.००</td><td>२१९५९६७.००</td><td>०.४४</td></tr>
<tr><td>वित्तीय व्यवस्थापन र सुशासन</td><td>१०५५००००.००</td><td>६८८९०००.००</td><td>१.३८</td></tr>
<tr><td>कार्यसञ्चालन तथा प्रशासनिक खर्च</td><td>७०७७७८१०.००</td><td>६३१८५०२४.००</td><td>१२.६१</td></tr>
<tr><td>जम्मा</td><td>६७२८८७७४०.००</td><td>५००९७५९७३.५६</td><td>१००.</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी ५३.४ प्रतिशत र वातावरण तथा विपद्व्यवस्थापनमा सबै भन्दा घटीमा ०.०४ प्रतिशत रहेको छ ।
</td><td></td></tr>
<tr><td>५.६</td><td></td><td></td><td>स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५.७</td><td></td><td></td><td>1. त्रैमासिक पूँजीगत खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १६(१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरणअनुसार पूँजीगत खर्च वार्षिक रु. १७ करोड २९ लाख ७२ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. १ करोड ३६ लाख ५५ हजार</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
अर्थात ७.७९ प्रतिशत, दोस्रो त्रैमासिकमा १ करोड ६ लाख ३६ हजार अर्थात ६.१५ प्रतिशत तेस्रो त्रैमासिकमा रु. ३ करोड १४ लाख अर्थात १८.१५ प्रतिशत र चौथो त्रैमासिकमा रु. ११ करोड ७२ लाख ८१ हजार अर्थात ६७.८० प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै असार महिनामा मात्र रु. ७ करोड ६९ लाख ८८ हजार अर्थात ४४.५१ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेकोले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ ।<br>
2. बार्षिक लक्ष्य तथा प्रगति: कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार गर्नु पर्दछ । पालिकाले पेश गरेको विवरण अनुसार कुल २५० कार्यक्रमको प्रगतिको संक्षिप्त अवस्था देहाय अनुसार रहेको छ ।
<table>
<tr><td rowspan="2">कार्यक्रम/योजना</td><td rowspan="2">कुल कार्यक्रम</td><td colspan="4">वार्षिक प्रगति स्थिति</td></tr>
<tr><td>शून्य प्रगति</td><td>२५%सम्म प्रगति</td><td>५०% सम्म प्रगति</td><td>५०% भन्दा बढी</td></tr>
<tr><td>कार्यक्रम संख्या</td><td>२५०</td><td>२</td><td>१०</td><td>१२</td><td>२२६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>कानून निर्माण</td><td></td></tr>
<tr><td>६.१</td><td></td><td></td><td>कानून र सञ्चालन स्थिति- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३९ नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २ वटा ऐन, ३ वटा कार्यविधि समेत ५ वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ५ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेर उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको विवरण पेश गरेको छ । तोकिएका कानूनहरू बनाई कार्यान्वयनमा ल्याउनु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **निर्देशिका तथा मापदण्डः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकाले आफ्नो क्षेत्राधिकारभित्रको विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । गाउँपालिककाले कर्मचारी, उपभोक्ता समिति तथा अन्य लाभग्राही समुहलाई सचेतना, क्षमता विकास, सीप विकास आदिसँग सम्बन्धित तालिम, गोष्ठी अभिमुखीकरण लगायतको कार्यक्रम सञ्चालनको लागि निर्देशिका तर्जुमा गरी लागू गरेको छैन । यसले गर्दा कार्यक्रम सञ्चालनमा जिम्मेवारी, जवाफदेही, खर्च प्रक्रिया तथा मापदण्डमा समानता आउन सक्ने देखिएन । गाउँपालिकाले कार्यक्रम कार्यान्वयन सम्बन्धी निर्देशिका तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । गाउँपालिकाले कृषि औजारलगायतका सामग्री वितरण तथा फलफुल विरुवा, बीउ र हेण्ड पम्प वितरण लगायतका कार्यक्रम सञ्चालन गर्दा सरोकारवालाहरूलाई सूचना प्रवाह, प्रस्ताव/माग संकलन, लाभग्राही छनोट र वितरण सम्बन्धी प्रकृया एवं मापदण्ड तर्जुमा नगरेकोले आम नागरिकको पहुँच सुनिश्चित र पारदर्शी भएको पाइएन । यसले गर्दा गाउँपालिकाले वितरण गरेको सामग्री तथा अनुदान न्यायोचित छ भन्ने आधार देखिएन । यसमा सुधार हुनु पर्दछ । | |
| ६.२ | | | न्यायिक समिति- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकाराह क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २० र यो बर्ष थप भएको ५३ गरी कुल ७३ विवाद दर्ता भएकोमा १७ वटा मात्र फछ्र्यौट भई ५६ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ७ | | | **पदाधिकारी सुविधा र विविध खर्च** | |
| ७.१ | | | आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३९ को उपनियम १ मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ५ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने, विल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ३ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा १ हजार रुपैंया भन्दा कम रकमको टेक्सी रिक्सा भाडा कुल्ली खर्च र दक्षिणा भन्ने उल्लेख छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३, ४, ५, ६, ७, ८ र ९ सँग सम्बन्धित अनुसूची अनुसार स्थानीय तहका पदाधिकारीहरूलाई खर्च भुक्तानी गरेको देखियो । कार्यालयले उल्लिखित पदाधिकारी सुविधा बापत रु ७० लाख १९ हजार भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उदेश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन । अत उद्देश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ । | |
| ७.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो बर्ष विविध खर्च अन्तर्गत रु 24 लाख 68 हजार खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| ७.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैन । पालिकाले आफ्नो कार्यक्षेत्र भित्रका बासिन्दालाइ असाध्य रोग हरु क्यान्सर, मुटु र मृगौला रोगको बिरामीलाइ स्वास्थ्य शाखाको सिफारिसमा उपचार खर्च उपलब्ध गराउने गाउँसभाबाट निर्णय बमोजिम रु15 लाख 83 हजार औषधी उपचार कोषमा खर्च लेखेको छ । औषधी उपचार खर्चको आर्थिक सहायता वितरणलाइ कार्यविधि बनाइ व्यवस्थित गर्नुपर्दछ । | |
| ८ | | | **बढी भुक्तानी**<br><br>**१ दिवा खाजाः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.११.१ मा सामुदायिक विद्यालयका तोकिएका विद्यार्थीको लागि दिवा खाजा अन्तर्गत बालबिकास देखि कक्षा ५ सम्मको विद्यार्थीलाई प्रति विद्यार्थी प्रति दिन रु १५ का दरले अनुदानको व्यवस्था गरेको छ ।गाउँपालिकाले भौ नं ६०।०७७।११।२८ बाट रु ३५५५९०० र भौ नं २३४।०७८।३।२३ बाट रु २३५७३९ गरी जम्मा रु ३७९१६३९ दिवा खाजाको लागि निकासा दिएकोमा विद्यार्थी उपस्थितीको आधारमा देहायका विद्यालयहरुलाई भरपाई भन्दा बढी भुक्तानी भएकोले बढी भुक्तानी रकम ती विद्यालयहरुबाट असुल गरी राजस्व खातामा जम्मा गर्नुपर्ने रु ५३२०७० | ५८८,२७० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| क्र सं | विद्यालयको नाम | निकासा रकम | जम्मा खर्च | बढी रकम |
|---|---|---|---|---|
| 1. | अनिरुद्ध पब्लिक माध्यमिक विद्यालय | २०६१०० | १६६६३५ | ३९४६५ |
| 2. | बासुदेव जनता माध्यमिक विद्यालय | १५७५०० | ११०३४० | ४७१६० |
| 3. | कृष्ण धार्मिक माध्यमिक विद्यालय | २५९२०० | १६२५४० | ९६६६० |
| 4. | जगन्नाथ माध्यमिक विद्यालय | १७६४०० | १३५१२५ | ४१२७५ |
| 5. | शान्ति निम्न माध्यमिक विद्यालय | १५६६०० | १०१३२५ | ५५२७५ |
| 6. | राघवेन्द्र निम्न माध्यमिक विद्यालय | १०३५०० | ७९५३० | २३९७० |
| 7. | राष्ट्रिय जनजागृती आधारभुत विद्यालय | १०२६०० | ९७६६५ | ४९३५ |
| 8. | सिद्धार्थ आधारभुत विद्यालय | १८०९०० | १६१३६० | १९५४० |
| 9. | श्री आधारभुत विद्यालय | १४८५०० | १४३६४० | ४८६० |
| 10. | रघुनाथ आधारभुत विद्यालय | ५७६०० | ५५९३५ | १६६५ |
| 11. | किसान प्राथमिक विद्यालय | १०३५०० | ८०४६० | २३०४० |
| 12. | जनसेवा आधारभुत विद्यालय | २२२२२४ | २०७७३० | १४४९४ |
| 13. | ज्योति आधारभुत विद्यालय | १२१५०० | १०१३५० | २०१५० |
| 14. | लोकतान्त्रिक आधारभुत विद्यालय | ७६७४० | ६१५२५ | १५२१५ |
| 15. | सरस्वती आधारभुत विद्यालय | १७५५०० | १६४७५५ | १०७४५ |
| 16. | बच्चालाल आधारभुत विद्यालय | ११६१०० | ९४९७६ | २११२४ |
| 17. | गौतम बुद्ध आधारभुत विद्यालय | ११२५०० | ९४५६० | १७९४० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see below) | |

| | | | | |
|---|---|---|---|---|
| 18. | मदरसा गौशिया मिस बाहुल ओ आ वि | २०५६६५ | १८३४५८ | २२२०७ |
| 19. | अहले सुन्नत फैजल उ चि आधारभुत विद्यालय | २६१०० | २२२७५ | ३८२५ |
| 20. | हिरा पिङ्गल आधारभुत विद्यालय | १२६९०० | ७८३७५ | ४८५२५ |
| | जम्मा | | | ५३२०७० |

**२ बढी ग्रेड भुक्तानीः** कार्यक्रम कार्यान्वयन पुस्तिकाको शिक्षकको तलब भत्ता तथा सेवा सुविधा विवरण अन्तर्गत प्राविधिक धारका प्रशिक्षकहरुलाई रु ३००० का दरले १० महिनाको प्रशिक्षक भता दिने व्यवस्था छ । पालिका अन्तर्गत संचालित अनिरुद्ध माध्यमिक विद्यालयका देहायका प्रशिक्षकहरुलाई १२ महिनाको भता भुक्तानी दिएकोले बढी भुक्तानी निजहरुबाट असुल गर्नुपर्ने रु १२०००

| क्र सं | कर्मचारीको नाम | पद | बढि भुक्तानी रकम |
|---|---|---|---|
| १ | शारदा प्रसाद मिश्र | प्रशिक्षक | ६००० |
| २ | राम सुभक यादव | स प्रशिक्षक | ६००० |
| | जम्मा | | १२००० |

**३ छात्रवृतीः** कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं ७.२.१.१ अनुसार सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृतीको व्यवस्था छ ।पालिकाले भौ नं १४७।०७८।२।२८ बाट अनिरुद्ध माध्यमिक विद्यालयलाई छात्रवृतीको लागि रु १५७५०० निकासा दिएकोमा विद्यालयले रु ११३३०० मात्र वितरण गरेको देखियो।यसरी भरपाई भन्दा बढि निकासा भएकोले बढी निकासा रकम असुल हुनुपर्ने रु ४४२००

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **तलबी प्रतिवेदन पारित नभएको** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>१ तलवी प्रतिवेदनः निजामती सेवा ऐन २०४९ को दफा ७ (ख) को उपदफा (२) अनुसार तलबी प्रतिवेदन पारित नगराई तलब खुवाउनु नहुने कानुनी व्यवस्था रहेको छ ।पालिकाले तलबी प्रतिवेदन पारित नगरी शिक्षा तर्फ रु ३९०९०६४० र स्वास्थ्य तर्फ रु २५८८६६६८ गरी कुल रु ६४९७७३०८ खर्च लेखेको छ । ऐनमा व्यवस्थ भए बमोजिम तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ।<br>२ विद्यालयको लेखापरीक्षण प्रतिवेदनः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालयहरुको आर्थिक लेखापरीक्षण गराउनको लागि आधारभुत तह सञ्चालित विद्यालयलाई रु १०००० र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई रु १५००० अनुदान दिने व्यवस्था छ ।पालिका अन्तर्गत सञ्चालित २७ वटा सामुदायिक विद्यालयहरुलाई लेखापरीक्षण बापतको अनुदान रकम भुक्तानी दिए पनि पालिका अन्तर्गत सञ्चालित २ वटा माध्यमिक विद्यालय र १७ वटा आधारभुत विद्यालयले अन्तिम लेखापरीक्षणको दिनसम्म पनि आर्थिक लेखापरीक्षण गराएको पाइएन ।विद्यालयहरुको आय व्ययको आन्तरिक लेखापरीक्षण समयमै गराएर गाउँपालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>१०</td><td>२६३</td><td>२०७८-३-२४</td><td>कार्यसम्पादन भन्दा बढी भुक्तानीः<br><br>१ कार्यसम्पादन भन्दा बढी भुक्तानीः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (११) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले कार्य सम्मन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम नगद वा जिन्सी समेत कुल खर्चको विवरणको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ ।पालिकाले भौ नं २६३।२०७८।३।२४ बाट राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत तोकिएको विद्यालयलाई दुईकोठे भवन निर्माणको लागि प्रति विद्यालय रु १८००००० का दरले दिनुपर्ने अनुदानमा कार्यसम्पन्न प्रतिवेदन भन्दा बढी भुक्तानी दिएकोले देहायको विद्यालयहरुबाट बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु ४२१३२<br><table><tr><th>क्र सं</th><th>विद्यालयको नाम</th><th>कार्य सम्पन्न</th><th>श्रमदान (१०%)</th><th>भुक्तानी दिनुपर्ने</th><th>भुक्तानी दिएको</th><th>बढी</th></tr></table></td><td>५८३,३२८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | पूर्णिहावा आ वि | १७४५३५३ | १७४५३५ | १५७०८१८ | १८००००० | २२९१८२ |
| २ | राष्ट्रिय आ वि सिंहोखोर | १७८६५०४ | १७८६५० | १६०७८५३ | १८००००० | १९२१४६ |
| | जम्मा | ३५३१८५७ | ३५३१८५ | ३१७८६७१ | ३६००००० | ४२१३२८ |

**२ कन्टिन्जेन्सी कट्टीः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को खण्ड (१) कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शनको बुँदा नं ३ को (फ) मा सशर्त अनुदान अन्तर्गत स्थानिय तहमा प्राप्त भएका विद्यालय भौतिक सुविधा विस्तार कार्यक्रमको रकमबाट कन्टिन्जेन्सी रकम कटौती गर्न पाइने छैन भन्ने उल्लेख छ । पालिकाले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत दुइकोठे भवन निर्माणको लागि रु १८००००० प्रति विद्यालयका दरले देहायका विद्यालयहरुलाई दिएको अनुदानमा ३% कन्टिन्जेन्सी रकम कट्टी गरी भुक्तानी गरेको छ ।उक्त कट्टी गरेको कोष रकम फिर्ता गर्नुपर्ने रु १६२०००

| क्र सं | विद्यालयको नाम | कन्टिन्जेन्सी रकम |
|---|---|---|
| १ | अनिरुद्ध माध्यमिक विद्यालय | ५४००० |
| २ | पूर्णिहवा आधारभुत विद्यालय | ५४००० |
| ३ | राष्ट्रिय आधारभुत विद्यालय सिंहोखोर | ५४००० |
| | जम्मा रकम | १६२००० |

</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>कोष व्यवस्थापन</td><td></td></tr>
<tr><td>११.१</td><td></td><td></td><td>कल्याण कोषः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । उक्त कोषमा आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सोको वरावरले हुने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा कार्यरत स्थानीय तहका कर्मचारीको तलवबाट रकम कट्टा गरी कल्याण कोषमा जम्मा गर्ने गरेको छैन । साथै कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसमा सुधार हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>११.२</td><td></td><td></td><td>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष समाप्त भए पश्चात् चालु खर्च खातामा रु ८३४४५१२९।७२ र पुँजीगत खर्च खातामा रु ३३२७५९१।७२ समेत गरी रु. ८६७७२७२१।४४ मौज्दात रहेकोमा २०७८ भाद्र २२ गते मात्र संचित कोषमा ट्रान्सफर गरेको छ । कानूनमा तोकिएको म्याद भित्र संचित कोषमा स्थानान्तरण गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>प्रमाण पेश हुनुपर्ने<br><br>१ कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ (३) मा कुनै निर्माण काम सम्पन्न भइसकेपछि त्यसको जाँचबुझ गर्ने प्राविधिकले सम्पन्न निर्माण कार्य स्वीकृत ड्रइङ्ग डिजाइन वा स्पेशिफिकेशन भए नभएको जाँच गरी सार्वजनिक निकाय समक्ष कार्यसम्पन्न प्रतिवेदन पेश गर्नपर्ने व्यवस्था छ । पालिकाले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत दुइकोठे भवन निर्माणको लागि दिएको अनुदान र कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं ११.१.२.१ को बुँदा नं ८.३ मा विद्यालय प्रवलिकरण (Rectrofitting) को लागि लागत अनुमानको आधारमा दिने अनुदानको देहायको विद्यालयहरुबाट कार्यसम्पन्न प्रतिवेदन पेश नभएको रु ३३०००००
<table>
<tr><td>भौ नं. मिति</td><td>विद्यालयको नाम</td><td>भुक्तानी रकम</td><td>विवरण</td></tr>
<tr><td>२६३।२०७८।३।२४</td><td>अनिरुद्ध माध्यमिक विद्यालय</td><td>१८०००००</td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम</td></tr>
<tr><td>१२।०७८।३।२४<br>(संघीय सरकार पूँजी)</td><td>नेपाल राष्ट्रिय माध्यमिक विद्यालय</td><td>१५०००००</td><td>विद्यालय प्रवलिकरण</td></tr>
<tr><td></td><td>जम्मा रकम</td><td>३३०००००</td><td></td></tr>
</table></td><td>५,५०५,०२७</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २ **पाठ्यपुस्तक वितरणः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.४.६.१ को बुंदा नं ३.१ मा प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १० सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक र बुंदा नं ३.२ मा कक्षा ११ र १२ अध्ययनरत विद्यार्थीहरुका लागि पुस्तकालयमा आधारित हुने गरी पाठ्यपुस्तक उपलब्ध गराउन अनुदानको व्यवस्था छ।पालिकाले सो व्यवस्था अनुसार देहायका विद्यालयहरुलाई भौ नं १४७।०७८।२।२८ र भौ नं २३४।०७८।३।२३ बाट पाठ्यपुस्तक अनुदान दिएकोमा ती विद्यालयहरुले पालिकामा पेश गरेको आ व २०७७।७८ को सामाजिक परिक्षण प्रतिवेदन अनुसार पाठ्यपुस्तकको लागि निकासा भएको रकम भन्दा पाठ्यपुस्तक खरिद गरेको रकम घटी देखिएको छ । ती विद्यालयहरुले अन्तिम लेखापरीक्षणको दिन पुस्तक खरिदको बिल ल्याए पनि वितरणको भरपाई पेश गर्न नसकेकोले खरिद गरेको पाठ्यपुस्तक सम्बन्धित कक्षाको विद्यार्थीलाई वितरण गरेको भरपाई पेश हुनुर्ने रु १४२९०१७ | |

| क्र सं | विद्यायको नाम | अनुदान रकम |
|---|---|---|
| 1. | नेपाल राष्ट्रिय माध्यमिक विद्यालय | ३५११२१ |
| 2. | अनिरुद्ध माध्यमिक विद्यालय | ६७२६१८ |
| 3. | विसुदेव जनता माध्यमिक विद्यालय | ४०५२७८ |
| | जम्मा | १४२९०१७ |

३ आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली 2077 को नियम 39 को 5 मा सरकारी रकम खर्च गर्द त्यस्तो खर्च पुष्टि गर्न बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। निम्नलिखित विद्यालयहरुलाई निकासा भएका दिवा खाजाको रकम खाजा खुवाएको बिल भरपाई पेश नभएकोले विद्यार्थी उपस्थितीको आधारमा खाजा खुवाएको प्रमाण सहितको बिल भरपाई पेश हुनुपर्ने रु ७७६०१०

| क्र सं | विद्यालयको नाम | निकासा रकम |
|---|---|---|
| 1. | नेपाल राष्ट्रिय माध्यमिक विद्यालय | २२०७१० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | 2. राष्ट्रिय आधारभुत विद्यालय २००७००<br>3. सीताराम आधारभुत विद्यालय ११८८००<br>4. दा उ सिद्धिकिया आधारभुत विद्यालय ८६४००<br>5. पशुपति शिक्षा मन्दिर आधारभुत विद्यालय १४९४००<br>जम्मा ७७६०१० | |
| १३ | १६९ | २०७८-३-७ | **स्यानेटरी प्याडः**<br><br>**१ स्यानेटरी प्याडः** सामुदायिका विद्यालयका कक्षा ६-१२ सम्मका छात्राहरुको लागि निःशुल्क स्यानेटरी प्याड वितरणको लागि पालिकाले रु ९०४१९३ को स्यानेटरी प्याड खरिद गरेकोमा देहायका व्यहोरा देखियोः<br>(क) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । पालिकाले भौ. नं. २११।०७८।३।२१ मा नवदिप जनरल स्टोर्ससँग रु ४०४२७३ को र भौ नं १६९।०७८।३।७ मा अविक मेडिसिन सप्लायर्ससँग रु ४९९९२० गरी कुल रु ९०४१९३ को स्यानेटरी प्याड सोझै खरिद गरेको नियमसम्मत भएको देखिएन ।<br>(ख) खरिद गरको उक्त स्यानेटरी प्याड आर्थिक वर्षको अन्त्यमा खरिद गरेको र लेखापरीक्षणको मिति २०७८।१२।२५ सम्म पनि स्यानेटरी प्याड भण्डारमा थन्क्याएर राखिएको पाइयो । साथै उक्त स्यानेटरी प्याडको गुणस्तर परिक्षण पनि पेश नभएको पाइयो।अतः यसरी समान खरिद गरी मौज्दात राखेको उपयोगिता नभएको रु ९०४१९३ | ९०४,१९३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | |  | |
| १४ | | | **जोखिम भत्ता** | |
| १४.१ | | | **जोखिम आंकलन र पूर्व तयारी-** कार्यालयले कोभिड महामारी नियन्त्रणका लागि, आकलन गरी पूर्व तयारी र महामारी पछि नियन्त्रण तथा रोकथामका लागि कार्ययोजना बनाएको हुनुपर्दछ । कार्यालयले स्वास्थ्य शाखा प्रमुखको संयोज्वकत्वमा क्वारेन्टीन संचालक समिति, अध्यक्षको संयोजकत्वमा गाउँस्तरीय क्वारेन्टीन समिति तथा गाउँस्तरीय सी सी एम सी सी उल्लेख गरेको भएतापनि कोभिड महामारीबाट हुने जोखिम आंकलनका लागि तथा महामारी पछि नियन्त्रण र रोकथामका लागि कार्ययोजना बनाएको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४.२ | | | **जोखिम भत्ता :** सरकारद्बारा जारी भएको "कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ७(ङ) मा, अनुगमन मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न प्रशासनिक जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलव स्केलको ५० प्रतिशत र कन्ट्याक ट्रेसिङ्गमा खटिएका स्वास्थ्यकर्मी, क्वारेन्टाइनमा खटिएका जनशक्तिलाई ७५ प्रतिशत जोखिम भत्ता प्रदान गर्न सक्ने व्यवस्था छ । कार्यालले अग्रपंतिमा खटेका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, प्राबिधिक कर्मचारी, प्रशासनिक कर्मचारीलाइ रू. 25 लाख ३२ हजार ५ सय खर्च लेखेको छ । | |
| १५ | | | **अनुदान व्यवस्थापन** | |
| १५.१ | | | महोत्सव तथा अन्य खर्च - स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष उत्सव, महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु एक लाख खर्च गरेको छ । | |
| १५.२ | | | वितरणमुखी कार्यक्रम - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । यस नगरपालिकाको आ व २०७७।७८ को पुँजीगत बजेट शीर्षकबाट वीउ विजन वितरण, साइकल, हेण्डपाइप, कृषि औजार वितरण जस्ता कार्यक्रममा खर्च गरको पाइयो ।यस्ता प्रकारका वितरणमुखी कार्यक्रमबाट उत्पादकत्व वृद्धि नहुने, वितरण भएका सामग्रीको सदुपयोग नहुने हुँदा राज्यको सिमित स्रोत साधनबाट सर्वसाधारण जनताले लाभ लिन नसक्ने हुँदा सस्तो खर्च नियन्त्रण गर्नु पर्दछ । यसका केही उदाहरण देहाय अनुसार छन् | |

| भौ.नं. र मिति | कार्यक्रम | रकम |
|---|---|---|
| ३५४-२०७८।३।२४ | वर्षे फलफूल विरूवा वितरण | ३२००० |
| ३०७-२०७८।३।२१ | साइकल ५६ थान | ४७५९९२ |
| २६४-२०७८।३।१५ | वडा अध्यक्ष मार्फत संचालन हुने योजना वार्ड नं. ३ | १५०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.३ | | | अनुदान फिर्ता - संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । कोष तथा लेखा ि नियन्त्रक कार्यालय, कपिलवस्तुबाट प्राप्त विवरण अनुसार २०७७ असार मसान्तमा संघीय सरकार तर्फ रू. ४६२९९५१०.७१ फिर्ता गर्नु पर्नेमा पुरै रकम फिर्ता गरेको र प्रदेश सरकार तर्फ रू. ८७०६६१२ फिर्ता गर्नु पर्नेमा रू. ७४४४७४४ मात्र फिर्ता गरेकोले घटी अनुदान फिर्ता गरेको रू. १२६१८६८ अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु. | १,२६१,८६८ |
| १६ | | | **खरिद कार्यमा गुणस्तर परीक्षण** | |
| १६.१ | | | डीपीआर खर्च -बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।<br>कार्य विवरण / परामर्शदाता / लागत अनुमान / खर्च रकम / योजनाको लागत:<br>१५ सैया अस्पताल सुठौली / मार्गदर्शन प्रा.लि. / 1100 / 1084 / 186707<br>महसैया खोलामा पुल / रुपक ईन्जिनियरिङ् कन्सलटेन्सी / 798 / 741 / 22670<br>यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरू कार्यान्वयनमा गएको देखिएन । | |
| १६.२ | | | गुणस्तर परीक्षण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था | |

| कार्य विवरण | परामर्शदाता | लागत अनुमान | खर्च रकम | योजनाको लागत |
|---|---|---|---|---|
| १५ सैया अस्पताल सुठौली | मार्गदर्शन प्रा.लि. | 1100 | 1084 | 186707 |
| महसैया खोलामा पुल | रुपक ईन्जिनियरिङ् कन्सलटेन्सी | 798 | 741 | 22670 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण देहाय बमोजिम छन् ।
<table>
<tr><th>भौ.नं. मिति</th><th>उपभोक्ता समिति</th><th>कामको प्रकृति</th><th>खुद भुक्तानी</th></tr>
<tr><td>२८-२०७७।१०।७</td><td>वार्ड नं. ७ को कार्यालय रंगरोगन</td><td>मर्मत</td><td>४७०५५०</td></tr>
<tr><td>३४०-२०७८।३।२४</td><td>राष्ट्रिय आधारभूत विद्यालय</td><td>पर्खाल निर्माण</td><td>३८७२८३.४८</td></tr>
<tr><td>३४७-२०७८।३।२४</td><td>निरहुको घरदेखि सडक</td><td>पीसीसी</td><td>१७३७५०.०९</td></tr>
<tr><td>२१८-२०७८।३।०९</td><td>कार्यालय भवन, वार्ड नं. १</td><td>पक्की भवन</td><td>१४२०४४२</td></tr>
</table></td><td></td></tr>
<tr><td>१६.३</td><td></td><td></td><td>मालसामानको गुणस्तर परीक्षणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन्ः - कार्यालयमा मालसामान प्राप्त भएपछि खरिद सम्झौतामा उल्लेख भए अनुसार स्पेसिफिकेशन तथा गुणस्तर सम्वन्धी मापदण्ड पुरा गरे नगरेको खुल्ने गरी परीक्षण सूची सहित नियमको व्यवस्था बमोजिम प्राविधिक स्पेशिफिकेशन तथा गुणस्तर सम्वन्धी सर्त पुरा गरे नगरेको प्रतिवेदन पेश गर्ने गरको पाइएन । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ । - देहायका मालसामान खरिद गरी सम्वन्धित आपूर्तिकर्तालाई भुक्तानी गरेकोमा निरीक्षण÷परीक्षण गर्न गठन गरिएको बोर्डले तयार गर्नेगरेको खोलुवा फाराम समेत नलिई भुक्तानी गरेको उदाहरण देहाय अनुसार रहेको छः</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| गो.भौ. र मिति | मालसामानको नाम | बिक्रेता | भुक्तानी रकम |
|---|---|---|---|
| २०-२०७७।९।१४ | फर्निचर खरिद | बाबा इन्टरप्राइजेज | ९८६४९ |
| २१-२०७७।९।१४ | डिजिटल नागरिक वडापत्र | बुटवल एल.इ.डि. | १५८५८९.८५ |
| २७-२०७७।९।२७ | इन्भर्टर, बेट्री | बुद्धज्योति सप्लायर्स | २४२९५० |
| ३७-२०७७।१०।१८ | फर्निचर खरिद | एनजिला सप्लायर्स | ६४६९२ |
| ३६०-२०७८।३।२४ | ए.सी.खरिद | बाबा इन्टरप्राइजेज | ३९८३५२ |
| ३०६-२०७८।३।२१ | ल्यावको सामान | फोरसाइट टेक्नो ट्रेडर्स | ४९५१७७ |
| २८६-२०७८।३।१९ | ल्यावको सामान | फोरसाइट टेक्नो ट्रेडर्स | ७८०५४ |
| २८७-२०७८।३।१९ | फर्निचर खरिद | बाबा इन्टरप्राइजेज | ४७६५७७ |
| १६०-२०७८।२।१६ | ,, | गुड्डु स्टिल फर्निचर उद्योग | १९९०४९ |

</td><td></td></tr>
<tr><td>१६.४</td><td></td><td></td><td>सार्वजनिक परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको सार्वजनिक परीक्षण हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>पेश्की बाँकी<br><br>पेश्की बाँकीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (१) अनुसार पेश्की फर्छ्यौट हुनुपर्दछ। निर्माण व्यवसायीलाइ भुक्तानी भएको मोविलाईजेशन पेश्की रू. ८ लाख सम्झौता अनुसार फर्छ्यौट हुनु पर्दछ साथै कार्यालयबाट देहाय अनुसार म्याद समाप्त भएको कमर्चारी पेश्की वाँकी रू.१४०४०००।०० नियमानुसार फछ्यौट हुनु पर्ने रू.</td><td>१,४०४,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>भौ नं र मिति</td><td>पेश्की लिनेको नाम</td><td>पेश्की रकम</td><td>कैफियत</td></tr><tr><td>०३ २०७७।०६।१२</td><td>श्री प्राकृतिक निर्माण सेवा</td><td>800000</td><td>मोबिलाइजेसन पेश्की</td></tr><tr><td>१६६ २०७८।०३।०६</td><td>सि अ हेव दिपेन्द्र कुमार सहनी</td><td>200000</td><td></td></tr><tr><td>९८७ २०७८।०३।२४</td><td>श्री जिन्सी प्रमुख बलराम कोहार</td><td>350000</td><td></td></tr><tr><td>१०८७ २०७८।०३।०४</td><td>श्री हरीओम लाल चौरसिया</td><td>32000</td><td></td></tr><tr><td>११८४ २०७८।०३।३०</td><td>श्री जिन्सी प्रमुख बलराम कोहार</td><td>522000</td><td></td></tr><tr><td></td><td>सि अ हे व हरिकुमार श्रेष्ठ</td><td>300000</td><td>प्रकोप कोष</td></tr><tr><td colspan="2">जम्मा</td><td>2204000</td><td></td></tr></table> | |
| १८ | | | **ठेक्का व्यवस्थापन** | |
| १८.१ | | | ठेक्काको विवरण- निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि प्रयोग गरिने ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं. ५०७) अभिलेख राखिएमा कुल गर्नुपर्ने, हालसम्म भएको कामको परिमाण र मूल्य सजिलै जानकारी हुने, कार्य सम्पादन जमानत, पेश्की लिन पेश गरेको बैंक ग्यारेण्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन आदिको जानकारी हुने हुन्छ । कार्यालयले उक्त प्रयोजनका लागि अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी अद्यावधिक बनाई राख्नुपर्दछ । | |
| १८.२ | | | एज बिल्ट ड्रइगः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्सा पेश गर्नुपर्ने साथै निर्माण व्यवसायीहरुसँग भएको सम्झौताको दफा ७२.१ मा निर्माण व्यवसायीले ३० दिनभित्र एज बिल्ट ड्रइग पेश गर्नु पर्ने र सो डकुमेण्ट पेश नगरेमा तोकिएको रकम रोक्का (विद हेल्ड) राख्नुपर्ने व्यवस्था समेत रहेको छ । यस वर्ष नमूना छनोट गरी परीक्षण गरिएकामध्ये यस वर्ष अन्तिम बिल भुक्तानी भएका निम्नलिखित योजनाको एज बिल्ट ड्इग बेगर भुक्तानी भएको देखिएकोले सम्झौताको प्रावधान अनुसार एज बिल्ट ड्रइग पेश हुनु पर्ने रु. | १५०,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>ठेक्का नं.</td><td>निर्माण व्यवसायी</td><td>सम्झौतानुसार रोक्का राख्नु पर्ने रकम</td></tr>
<tr><td>१-२०७६।७७</td><td>ब्रेभ कन्ष्ट्रक्सन</td><td>५००००.००</td></tr>
<tr><td>२-२०७६।७७</td><td>जय निर्माण सेवा</td><td>५००००.००</td></tr>
<tr><td>३-२०७६।७७</td><td>राजन कन्स्ट्रक्सन</td><td>५००००.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१८.३</td><td></td><td></td><td>ठेक्का व्यवस्थापनः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्का सम्झौता गर्ने कार्य प्रथम त्रैमासिक भित्र गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यो वर्ष वोलपत्र तथा सिलवन्दी दरभाउ पत्रको माध्यमबाट १४ वटा ठेक्का सम्झौता गरेकोमा दोस्रो त्रैमासिकमा ७ वटा, तेस्रो त्रैमासिकमा ५ वटा र चौथो त्रैमासिकमा २ वटा ठेक्का सम्झौता गरेको छ । नियमावलीले गरेको व्यवस्था वमोजिम तोकिएको समयावधी भित्र ठेक्का वन्दोवस्त नगरी चौथो त्रैमासिकमा समेत ठेक्का सम्झौता गरी प्रगति शत प्रतिशत देखाउने गरेको छ । स्वीकृत कार्यक्रम अनुसार सम्पूर्ण कार्य गर्नु पर्नेमा सो वमोजिम गरेको पाइएन । नियमको पालना हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१८.४</td><td></td><td></td><td>योजना छनोट र कार्यान्वयन: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनोट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत वार्षिक गाउँ विकास योजना २०७७÷७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><td>विवरण</td><td>रु १ लाख सम्म</td><td>रु १ लाख देखि २ लाखसम्म</td><td>रु २ लाखदेखि ५ लाखसम्मका</td><td>रु ५ लाख देखि १० लाखसम्मका</td><td>रु १० लाखभन्दा बढीको</td><td>जम्मा</td></tr>
<tr><td>योजना संख्या</td><td>७१</td><td>५२</td><td>४५</td><td>३९</td><td>४३</td><td>२५०</td></tr>
<tr><td>जम्मा रकम</td><td>४९.४१ लाख</td><td>रु ७५.८० लाख</td><td>३६३.५९ लाख</td><td>३१३.३९ लाख</td><td>३७५.५४</td><td>११७७.७३ लाख</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रू. एक लाख देखि १० लाख माथिका समेत जम्मा २५० वटा योजना संचालन गरेकोमा रू. १ लाख भन्दा मुनिका मात्र ७१ वटा योजनाहरू रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरू संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |
| १८.५ | | | वीमा भुक्तानीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ (१) मा रु. १० लाख भन्दा बढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले उक्त नियमको (क) देखि (ङ) बमोजिम विमा गर्नु गराउनु पर्ने उल्लेख छ । कार्यालयले निर्माण कार्यको लागि सम्झौता गर्दा निर्माण कार्य वापत निर्माण कार्यको, उपकरण, श्रमिक र तेश्रो पक्षको समेत बीमा गराउनु पर्ने गरी सम्झौता गरेको छ । वार्ड नं. २ को भवन निर्माण कार्यको लागि ब्रेभ कन्ष्ट्रक्सनसँग भएको सम्झौता अनुसार बीमा वापत रू. ५००००।- पि.एस. आइटममा समावेश गरी उक्त रकम भुक्तानी गरेको छ । निर्माण व्यववसायीले बीमा सम्बन्धी कागजपत्र पेश गरे पनि रू. ५००००।- भुक्तानी गरेको कर बीजक पेश गरेको पाइएन । भुक्तानी अनुसारको कर विजक पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने रू. | ५०,००० |
| १९ | | | **प्रोत्साहन सुविधा**<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । पालिकाले कानून नबनाई प्रोत्साहन भत्ता खर्च गर्नु नियमसंगत नदेखिएको रु | १,९६३,७७० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **दररेट फरक :**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (११) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्मन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाचपास गराई भुक्तानी दिनुपर्ने व्यवस्था छ । नगरपालिकाले देहायका उपभोक्ता समितिहरुबाट कार्य गराएकोमा निम्नानुसारका कार्यको स्वीकृत जिल्ला दर रेट तथा नर्म्सबाट कायम भएको दर रेट भन्दा बढी भुक्तानी गरेको असुल गर्नुपर्ने रु | ५८४,९६८ |

| भौ.नं. / मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | एकाई | परिमाण | भुक्तानी हुनुपर्ने दर | भुक्तानी भएको दर | बढी भुक्तानी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| १०-२०७८/३/२४ | मुख्यमन्त्री ग्रामिण आवास कार्यक्रम २ | Brick masonary 1:4 | घ.मी. | ९२.८२ | १२५७८ | १३५२७ | ९४९ | ७९२७८ |
| ५-२०७८/३/२१ | उरुल अहले सुन्नत | Brick masonary 1:4 | घ.मी | १५.८६ | १२५७८ | १३५२७ | ९४९ | १३५४६ |
| २-२०७७/१२/३१ | श्री गौतम वद्ध आ.बि.५ | Brick masonary 1:4 | घ.मी | ६०.८६ | १२५७८ | १३५२७ | ९४९ | ५१९८१ |
| ११-२०७८/३/२४ बास खोर दीप टयुवल उस ८ | | Drilling of pilot hole | | १२८ मि को रु ३२०९ का दरले रु ४१०७५२ | | १६२ मि को रु ३८०८ का दरले रु ६१६८९६ | | १८५५३० |
| ११-२०७८/३/२४ बास खोर दीप टयुवल उस ८ | | 1st Reaming of pilot hole | मीटर | १२७ | १५११ | १६११ | १०० | ११४३० |
| ८-२०७८/३/२३ | श्री आ.बि.पुर्निहवा | Brick masonary1:4 | घ.मी | २३.५६ | १२५७८ | १३५२७ | ९४९ | २२३५८ |
| ३३२-२०७८/३/२३ | डगरी सिममा देखि भेडहर खण्ड सडक ३ | Prime coat | लिटर | १९३१ | ९१ | ११६ | २५ | ४३४४८ |
| | | Tack coat | लिटर | १५३० | ८८ | ११६ | २८ | ३८५५६ |
| ५-२०७८/२/२५ | त्रिभुवन बरईको घर देखि बसन्तपुर उस ३ | M15 / पिसिसि १:२:४ | घमी | ६७.९८ | ९१९५ | ११२२१ | २०२६ | १२३९५५ |
| ५-२०७८/२/२५ | पक्की नाली निर्माण उ.स. १ | TMT छड | के.जी. | १६५४ | ११७ | १२७ | १० | १४८८६ |
| | जम्मा रकम | | | | | | | ५८४९६८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **पूजीगत शिर्षकबाट चालु प्रकृतिको खर्च**<br><br>स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ (१) मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका बिषयमा स्थानियस्तरको विकासका लागि आवधिक बार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजना बनाई योजना कार्यान्वयन गर्नुपर्ने त्यसतै दफा २४ (३) क ख मा आर्थिक विकास तथा गरिबि निवारणमा प्रत्यक्ष योगदान पुग्ने तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजना बनाई कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । गाउपालिकाले निम्नानुसारको पूजीगतखर्च शिर्षक बाट चालु प्रकृतिको खर्च गरेको छ। केही उदाहरणहरु यस प्रकारका छन् । | |

| गो.भौ.नं./ मिति | कामको विवरण | रकम |
|---|---|---|
| १३-२०७८/३/२४ | मार्स कम्प्युटर शप | ३८४२० |
| | सारा सर्भिस सेन्टर | ४५१०० |
| ११-२०७८/३/२४ | एकान्त होटल एण्ड रेष्टुरेण्ट | ३८७४० |
| ३-२०७७/१२/३१ | अनुगमन भत्ता | २२००० |
| १८-२०७८/३/२४( संघीय पुंजीगत ) | मिष्ठान भण्डार | १९९९० |
| १७-२०७८/३/२४ | सफल होटल | ९९४९६ |
| ७-२०७८/३/२३ | म्यूजिक ईन्टरटेन्मेन्ट मिडिया प्रा.लि. | १०००० |
| ५-२०७८/३/१८ | अनुगमन भत्ता | २७००० |
| ४-२०७८/३/१८ | पाण्डेय खाजा घर | १०१७१५ |
| जम्मा रकम | | ४०२४६१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **जटिल संरचना निर्माण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ (१) मा नगरपालिकाले योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने खालको योजना छनौट गर्नुपर्ने व्यवस्था छ । त्यस्तै, ऐनको दफा ३ (१) मा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने खालको एवं छिटो प्रतिफल प्राप्त गर्न सकिने तथा जनताको जीवनस्तर, आम्दानी र रोजगारी श्रृजना गर्ने खालका योजनाहरु तर्जुमा गर्नुपर्ने व्यवस्था छ । त्यस्तै, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट संचालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर, विटुमिन डिस्ट्रिव्युटर, विटुमिन ब्वाईलर जस्ता हेभी मेसिनहरु प्रयोग गर्न नसकिने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन अनुसार गरिबी निवारणामा प्रत्यक्ष योगदान नपुर्याउने खालका योजना छनौट गरेको तथा सार्वजनिक खरिद नियमावलीले लिएको मर्म/आपेक्षा विपरित नगरपालिकाले आर.सि.सी., फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :- | |

| भौ.नं. / मिति | उपभोक्ता समितिको नाम | भुक्तानी रकम |
|---|---|---|
| १०-२०७८/३/२४ | मुख्यमन्त्री ग्रामीण आवास कार्यक्रम २ | २००१५३० |
| ७-२०७८/३/२३ | सिद्धार्थ आ.बि. इटवा ७ | ९६८००७ |
| ५-२०७८/३/२१ | मदरसा नुरुल ओलुम अहले सुन्नत | ९५५९६३ |
| ४-२०७८/१/१९ | श्री कृष्ण धार्मिक मा.बि. ३ | ९६७४२९ |
| २-२०७८/१२/३१ | श्री गौतम बुद्ध आ.बि. ५ | ९६९१६४ |
| १६-२०७८/३/२४ | कपिलवस्तु डिप टयुवेल जडान उस ४ | २९७७७१६ |
| जम्मा रकम | | ८८३९८०९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २३ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम :**<br><br>मन्त्रिपरिषदबाट स्वीकृत DOR को नर्म्स नं. ९.१ Ref no. मा earthwork excavation in cutting : roadway excavation in all types of soil by manual means मा number of unskilled person ८ जना रहेकोमा कुलो तथा सडक मर्मत लगायतका मर्मत काममा समेत गाउपालिकाले शुरु लागत अनुमान बनाउदाकै manday राखी भुक्तानी दिएको छ । यसले गर्दा बास्तविक शुरु लागत अनुमान र मर्मत कार्यको भुक्तानी बिच फरक नदेखिदा भुक्तानी दिएको रकमबीच तदमतयता कायम गर्न सकिने अवस्था छैन । गाउँपालिकाले यस आ.ब. २०७७/७८ मा कुल १४५४६ घ.मी. को रु ३९९ का दरले भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु | ५,८०३,८५४ |
| २४ | | | **नर्म्सको प्रयोग** | |
| २४.१ | | | नर्म्सको प्रयोगः सडक विभागको सडक र पुलको कामको लागि दर विश्लेषण नर्म्स नं. २०.५ अनुसार Providing and laying, fitting and placing HYSD bar reinforcement in sub-structure complete as per Drawing and Technical Specifications for 1 ton को लागि दक्ष मजदुर ४ जना र अदक्ष मजदुर ९ जना आवश्यक पर्ने उल्लेख छ । कार्यालयले तयार पारेको दर विश्लेषण अनुसार दक्ष र अदक्ष १५।१५ जना राखेको कारण उक्त कार्यको लागि प्रतिकेजी डण्डीको मूल्य रू. १३४ कायम गरेको पाइयो । ज्यामी संख्या नर्म्स नं. २०.५ अनुसार राख्दा प्रति केजी डण्डीको मूल्य रू. ११४.७६ हुनेमा प्रति के.जी. रू. १९.१४ बढी भुक्तनी भएको रू. ३३७६२.१५ असुल गर्नु पर्ने रू. | ३३,७६२ |

| भौ.नं. र मिति | विवरण | डण्डीको परिमाण | बढी दर | जम्मा रकम |
| --- | --- | --- | --- | --- |
| १९०-२०७८।२।३१ | पुजारी बनियाको घरको दक्षिणदेखि उत्तर चिन्कु गद्दीको घरसम्म पिसिसि | ९५६.६६ | १९.२४ | १८४०६.१३ |
| १७२-२०७८।२।२५ | रामसुखको घरदेखि उत्तर हुदै मगरेको घर सम्म पि सि सि ढलान तथा नाली निर्माण बुढापार | ७९८.१३ | १९.२४ | १५३५६.०२ |
| जम्मा | | | | ३३७६२.१५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४.२ | | | नर्म्सको दर भन्दा फरक दरमा भुक्तानी:- सार्वजनिक खरिद नियमावली,2064 को नियम 10 अनुसार निर्माण कार्यको लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत काम गराउँदा स्वीकृत नर्म्स र जिल्ला दररेट अनुसार हुने रकममा मुल्य अभिवृद्धि कर लाग्ने सामानको मुल्य अभिवृद्धि कर समेत हुने दरमा सम्झौता गरी भुक्तानी गर्नुपर्नेमा पालिकाले देहाय अनुसारका भौचरबाट उपभोक्ता समितिलाई सडक ग्राभेलको भुक्तानी गर्दा कर्सर रन मेटरियलको प्रति घनमिटर रू. २६३५.३३ को दरमा भुक्तानी गरेकोमा उपभोक्ताले पेश गरेको निर्माण कार्यको फोटाहरू अनुसार नदीबाट ल्याएको ग्राभेल प्रयोग गरेको पाइएयो । दर विश्लेषाण पालिकाले तयार गरेको दर विश्लेषण अनुसार नदीको ग्राभेको प्रति घनमिटर रू. २१२४.४८ मात्र रहेकोले प्रति घनमिटर ५१०.८५ को दरले रू. ७०७९७१.६८ बढी भुक्तानी भएको रकम असुल गर्नु पर्ने रू. | ७०७,९७२ |

| भौ.नं. मिति | उपभोक्ता समिति | कामको परिमाण | फरक दर | बढी भुक्तानी |
|---|---|---|---|---|
| ३५५-२०७८।३।२३ | गापास्तरीय विभिन्न सडक स्तरोन्नति | ५३५.३३ | ५१०.८५ | २७३४७३.३३ |
| ३१४-२०७८।३।२२ | छुटपुट भएका योजनाहरू | ८५०.५४ | ५१०.८५ | ४३४४९८.३५ |
| जम्मा | | | | ७०७९७१.६८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | |  छुटपुट भएका योजनाहरू  गापास्तरीय विभिन्न सडकहरू स्तरोन्नति | |
| २४.३ | | | हेण्डपम्प वितरणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (१२) अनुसार निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु व्यवस्था छ । यस पालिकाको विभिन्न वडामा गाउँपालिका पूँजीगत शीर्षकबाट हेण्ड पाइप वितरणमा रु. ९ लाख २७ हजार बजेट खर्च गरेकोमा २ वटा उपभोक्ता समिति मार्फत कार्य गराई रकम भुक्तानी गरेको, ठेक्का नं. ३-२०७७।७८ वटा रू. १० लाख ५० हजारको हेण्ड पाइप र नं. ३-२०७७।७८ वटा रू. १० लाख ५० हजारको हेण्ड पाइप र नं. ४-२०७७।७८ वटा रू. १८ लाख ४ हजारको पम्प सेट खरिद गरेको छ । यसरी जडान भएका हेण्ड पाइप र पम्पसेट लाभग्राही समुदायलाई हस्तान्तरण गरेको देखिएन । नियमानुसार उपभोक्ता समितिलाइ रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी लाभग्राही समुदायलाई स्वामित्व हस्तान्तरण गर्नु पर्दछ । साथै घर परिवारको छनोटको आधार, गत विगत वर्षमा उक्त सुविधा उपभोग गरे नगरेको अवस्था, ह्याण्ड पाइपको आवश्यकता, प्रति एकाई लागत समेत नखुलाई लेखेको खर्चको सम्बन्धमा एकीन गर्न सक्ने अवस्था छैन । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **दर विश्लेषण**<br><br>बढी दरमा भुक्तानी:- सार्वजनिक खरिद नियमावली,2064 को नियम 10 अनुसार निर्माण कार्यको लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत काम गराउँदा स्वीकृत नर्म्स र जिल्ला दररेट अनुसार हुने रकममा मुल्य अभिवृद्धि कर लाग्ने सामानको मुल्य अभिवृद्धि कर समेत हुने दरमा सम्झौता गरी भुक्तानी गर्नुपर्नेमा पालिकाले देहाय अनुसारका भौचरबाट उपभोक्ता समितिलाई सडक निर्माण तर्फ पीसीसी १:२:४ को कामको लागि प्रति घनमिटर रू. ११२२१.३३ र ११८३१.८३ को दरमा भुक्तानी गरेकोमा सडक विभागको स्वीकृत नर्म्स अनुसार उक्त दर प्रति घन मिटर रू. ९१९५ मात्र हुने हुँदा बढी भएको देहाय अनुसारको रकम असुल गर्नु पर्ने रू. | २,५२०,७३४.९४ |

| भौ.नं. मिति | उपभोक्ता समिति | कामको परिमाण | दर | फरक दर | बढी हुने रू. |
|---|---|---|---|---|---|
| ३२–२०७७।१०।८ | मेनरोड देखि आन्हिको घर हुदै दायाबाया झिन्कन मियाको घर सम्म पि सि सि | ३२.५९ | १२२२१.३३ | ३०२६ | 98628.09 |
| ३४७–२०७८।३।२४ | निरहूको घर देखि गल्ली दायाबाया हुदै दक्षिण मेन रोड सम्म पि सि सि ढलान | १४.७५ | १२२२१.३३ | ३०२६ | 44638.37 |
| ३४८–२०७८।३।२४ | बुढापार भगवान दासको घर देखि भिस्मभर पासीको घर सम्म दायाबाया पि सि सि ढलान | १०.०५ | १२२२१.३३ | ३०२६ | 30414.62 |
| ३३७–२०७८।३।२४ | खोरिया सद्येपासीको घर देखि रामनरेश मुराउको घर सम्म सडक पि सि सि ढलान | ४१.९२ | १२२२१.३३ | ३०२६ | 126863.75 |
| ३१३–२०७८।३।२२ | सुकइधोबीको घर देखी मिठु धोबीको घर सम्मा सडकको दुबै तर्फ पक्की नाली निर्माण | १०.३९ | १२२२१.३३ | ३०२६ | 31443.57 |
| ३०१–२०७८।३।२१ | नईमको घरदेखि सहाबुल पैदामीको घर सम्म पि सि सि ढलान | ९.३६ | १२२२१.३३ | ३०२६ | 28326.45 |
| ३०४–२०७८।३।२१ | सेमरी रामप्रसाद यादवको घर देखि रंगीलाल कुर्मीको घर हुदैं उत्तर इनार सम्म सडक पि सि सि ढलान | ४०.५९ | १२२२१.३३ | ३०२६ | 122838.73 |
| २८८–२०७८।३।१९ | अकबाल मुसलमानको घर देखि बिच गाउँ हुदै मेन रोड सम्म पि सि सि ढलान रामनगरा | ५७.४४ | १२२२१.३३ | ३०२६ | 173832.40 |
| २६८–२०७८।३।१८ | बहाउ अहिरको घर देखि सद्धेपासीको घरसम्म बाटो पिसिसि ढलान | ३७.७५ | १२२२१.३३ | ३०२६ | 114243.96 |
| २७२–२०७८।३।१८ | तितिर्खा गाउ भित्र विभिन्न स्थानमा पिसिसि ढलान बापत तितिर्खा भित्र सम्म पिसिसि ढलान | ४८.०९ | ११८३१.८३ | २६३७ | 126805.15 |
| २७८–२०७८।३।१८ | वडा भित्र विभिन्न गल्ली तथा नाली निर्माण | ४१.९६ | ११२२१.३३ | २०२६ | 85024.81 |
| २५३–२०७८।३।१४ | तितिर्खा गाउँ भित्र विभिन्न स्थानमा पि सि सि ढलान | ३६.३५ | ११८३१.८३ | २६३७ | 95848.77 |
| २१९–२०७८।३।९ | रोहुको घर देखि मेन रोड उमेशको चोतार निर्माण | २१.५१ | ११२२१.३३ | २०२६ | 43586.36 |
| २३४–२०७८।३।१३ | राजेन्द्र भुजको घरदेखि पिच रोड सम्म पिसिसि ढलान | ३०.६८ | ११२२१.३३ | २०२६ | 62167.80 |
| २०५–२०७८।३।६ | गिरिश बढइको घरदेख रघुनाथको घरसम्म शिवपुजनको घरदेखि राजु मिश्रकोघरसम्म पिसिसि ढलान | १८.३५ | ११८३१.८३ | २६३७ | 48385.83 |
| १९१–२०७८।३।२ | बासखोर काली मन्दिर देखि राजेन्द्र उपाध्यायको घर सम्म सडक पि सि सि ढलान | ५८.५३ | ११२२१.३३ | २०२६ | 118601.09 |
| १९०–२०७८।२।३१ | पुजारी बनियाको घरको दक्षिण देखि उत्तर चिन्कु गद्दीको घरसम्म पिसिसि | ११३.२८ | ११२२१.३३ | २०२६ | 229542.66 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१७९–२०७८।२।२८</td><td>पूर्व भडेहरमा मोहम्द अलिको घर देखि मोबारकको घर सम्म पि सि सि ढलान</td><td>२५.६३</td><td>११२२१.३३</td><td>२०२६</td><td>51934.84</td></tr>
<tr><td>१७८–२०७८।२।२८</td><td>गाउँको मेनरोड देखि जगधरको घर हुदै कालीमाई मन्दिर सम्म पि सि सि ढलान</td><td>३६.५</td><td>११२२१.३३</td><td>२०२६</td><td>73961.05</td></tr>
<tr><td>१७२–२०७८।२।२५</td><td>रामसुखको घरदेखि उत्तर हुदै मगरेको घरसम्म पि सि सि ढलान तथा नाली निर्माण बुढापार</td><td>१४०.४१</td><td>११८३१.८३</td><td>२६३७</td><td>370237.30</td></tr>
<tr><td>११३–२०७८।१।१४</td><td>भवपुर मुल सडक देखि मजिदको गेट सम्म र मुल सडक देखि नारद अहिरको घर सम्म</td><td>४७.६३</td><td>११८३१.८३</td><td>२६३७</td><td>125592.21</td></tr>
<tr><td>१०८–२०७८।२।९</td><td>रजवापुर गाउभित्र अजिज मुसलमानको घरदेखि मन्दिर रोडसम्मम</td><td>४०.२२</td><td>११८३१.८३</td><td>२६३७</td><td>106053.30</td></tr>
<tr><td>१०२–२०७७।१२।३१</td><td>मेनरोड देखि वडा कार्यालय भवन सम्म पि सि सि ढलान</td><td>८०.३१</td><td>११८३१.८३</td><td>२६३७</td><td>211763.82</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>2520734.94</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>उपभोक्ता समिति मार्फत कार्य</td><td></td></tr>
<tr><td>२६.१</td><td></td><td></td><td>उपभोक्ता समिति दर्ता – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनै पनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न २३४ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु. ९१६४३१३९.७१ भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२६.२</td><td></td><td></td><td>हेभी इक्विपमेण्टको प्रयोग– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । सिफारिस दिएकोमा समेत भुक्तानी दिने प्रयोजनको लागि मात्र सहमति दिने गरेको पाइयो । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन् ।
<table>
<tr><th>गो. भौ.नं./ मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>निर्माण व्यसायी</th><th>कूल मूल्यांकन</th><th>हेभी उपकरणमा भएको खर्च</th><th>कैफियत</th></tr>
<tr><td>३१४-२०७८।३।२२</td><td>बडिलहवा पुलदेखि राजावापुरसम्म</td><td>बाटो ग्राभेल</td><td>२८४२१२४.५३</td><td>४३००००</td><td>२०७८।१।२० मा सम्झौता भएकेमा असार २२ गते सहमति प्रदान</td></tr>
</table></td><td></td></tr>
<tr><td>२६.३</td><td></td><td></td><td>जटिलसंरचना निर्माण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले भवन, कल्भर्ट, सडक कालोपत्रे लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्पmत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>लागत अनुमान</th></tr>
<tr><td>३५५-२०७८।३।२४</td><td>वर्थिङ सेन्टर</td><td>भवन</td><td>८८३९७७.२८</td></tr>
<tr><td>३३२-२०७८।३।२३</td><td>डगरी सिमाना वसन्तपुर सडक</td><td>कालोपत्रे</td><td>३६८१६१०.२७</td></tr>
<tr><td>३३६-२०७८।३।२४</td><td>वासुदेव जनता मा.वि.</td><td>भवन</td><td>७५४८३८.९</td></tr>
<tr><td>२६६-२०७८।३।१५</td><td>स्वास्थ्य चौकी, वार्ड नं. ७</td><td>भवन</td><td>२१५७४८८.२२</td></tr>
<tr><td>२५८-२०७८।३।१५</td><td>आयुर्वेद स्वास्थ्य चौकी, वार्ड नं. ४</td><td>भवन</td><td>८६७१४२.१५</td></tr>
<tr><td>२१८-२०७८।३।०९</td><td>कार्यालय भवन, वार्ड नं. १</td><td>भवन</td><td>१६२१६४७.२२</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २६.४ | | | प्राविधिक बील र कार्य सम्पन्नः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बीलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बीलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बील बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| २७ | | | **आन्तरिक राजस्व**<br><br>**१ आन्तरिक राजस्वः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) अनुसर आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लागउने र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लागाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागिय कारबाही समेत गर्ने गराउने उल्लेख छ।गाउँपलिकाको आन्तरिक राजस्वको सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छनः<br><br>(क) गाउँपालिका अन्तर्गत संचालित ८ वटा वडा र पालिका आफैद्धारा उठाउने राजस्व अनलाइन मार्फत नभएर ठेल्लीको प्रयोग गरेको छ ।पालिका र वडाहरुद्धारा संकलन गरिएको राजस्व दाखिलामा जिम्मेवार कर्मचारीहरुको धैरै हदसम्म लापरवाही रहेको | ६४९,७५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

देखियो ।वडाका सचिवहरुले राजस्व संकलन गरेर महिनौसम्म पनि बैङ्क दाखिला नगरी आफुसँग राखेको देखियो । राजस्व दाखिलामा ढिला गर्ने देहायका कर्मचारीहरुबाट माथी उल्लेखित कानुन अनुसार ब्याज असुल गरी बैङ्क दाखिला गर्नुपर्ने रु १६६३००

| वडा नं | कर्मचारीको नाम | ढिला राजस्व दाखिला रकम | १०% ब्याज |
|---|---|---|---|
| गा पा | बलराम कोहार | २५७७५३ | २५७७५ |
| | द्धारिकानाथ मिश्र | ११२९५० | ११२९५ |
| १ | गंगाराम यादव | २२९०४६ | २२९०४ |
| | राम सुभग यादव | ५५०२१ | ५५०२ |
| २ | द्धारिकानाथ मिश्र | २३८९६४ | २३८९६ |
| ३ | जगत नारायण दुवे | २६८५० **( रु २६७६ दाखिला गर्न बाँकी)** | ५६२८ |
| | नवराज पन्थ | ५१८४३ | ५१८४ |
| ४ | तथ्याङ्क उपलब्ध नभएको | | |
| ५ | दिपेन्द्र कुमार पाठक | १९१८१३ | १९१८१ |
| ६ | हलिम मुसलमान | १६६७६६ | १६६७६ |
| ७ | नवराज पन्थ | १७८५१३ | १७८५१ |
| ८ | सुनिल कुमार चौधरी | १५४०८५ | १५४०८ |
| | जम्मा असुल | १६६३६०४ | १६६३०० |

**(ख) भारतीय नम्बर प्लेटको राजस्वः** मिति २०७६।३।२४ गतेको कार्यापालिकाको निर्णयको प्रस्ताव नं ५ मा नाकाबाट भित्रिने भारतिय नम्बर प्लेटका मालबाहक सावरी साधनबाट शुल्क उठाउन गा पा कार्यालयबाट मासिक रु १२००० का दरले तलब दिने गरी एक

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जना कर्मचारी नियुक्त गरी राजस्व असुली गर्ने निर्णय अनुसार यशोधारा ७ निवासी अरविन्द कुमार पाठकलाई मासिक रु १२००० मा नियुक्त गरेको देखियो । निजले वर्षभरीमा जम्मा २१९ वटा राजस्व ठेल्ली बुझेकोमा लेखापरीक्षणको दिनसम्म १९४ वटा ठेल्लीमात्र फिर्ता गरेकोमा ती ठेल्लीहरुबाट संकलन भएको राजस्व रु २२९२००० मध्ये रु १८५२५०० मात्र बैङ्क दाखिला गरेको पाइयो ।दाखिला गर्न बाँकी रु ४३९५०० र नियमाअनुसार १० प्रतिशत व्याज रु ४३९५० गरी जम्मा रु ४८३४५० अरविन्द कुमार पाठकबाट असुल गरी राजस्व दाखिला गर्नुपर्दछ।साथै निजद्धारा फिर्ता नगरिएको ठेल्लीबाट उठेको राजस्व रकम गाउँपालिकाको प्रशासनबाट छानविन गरी वास्तविक रकम यकिन गरी राजस्व दाखिला गर्नुपर्दछ ।<br><br>**(ग) अस्पतालको आम्दनीः** यस गाउँपालिकाको वडा नं ५ मा संचालित यशोधारा आधारभुत अस्पतालमा कार्यरत स्वास्थ्य कर्मचारीहरु लगायत कार्यालय सहयोगी समेतको तलब भता पालिकाको संघिय सशर्त अनुदानबाट भुक्तानी हुने गरेको पाइयो तर अस्पतालको आन्तरिक आम्दानीको जानकारी पालिकालाई नभएको तथा अस्पतालको वास्तविक आम्दनीको कुनै हिसाव किताब प्राप्त भएको पाइएन।तर्सथ अस्पतालको आन्तरिक आम्दनीको पालिकाकको आन्तरिक लेखापरीक्षण शाखाबाट लेखापरीक्षण गारई सो को यथार्थ जानकारी र सुझाव सहितको प्रतिवेदन पालिकामा पेश हुनुपर्दछ ।<br><br>**(घ) पोखरीको ठेक्काः** यस गाउँपालिका अन्तर्गत कुल ३२ वटा पोखरी रहेकोमा पालिकाद्धारा कुनै पनि पोखरी ठेक्का लगाएको पाइएन ।पालिकाको वडा नं ४ मा अवस्थित एउटा पोखरी पालिकाद्धारा कसैलाई ठेक्कामा दिएको छैन तर उक्त पोखरीबाट वर्षको रु ४१००० राजस्व संकलन भएको छ ।यो पोखरी कसले ठेक्कामा लागएको हो र कसले पोखरी प्रयोग गरेको केहि केहि खुलेको छैन साथै यस सम्बन्धमा पालकालाई समेत कुनै जानकारी छैन ।यस विषयमा पालिकाको ध्यान केन्द्रित हुनु अतयावश्यक रहेको देखिन्छ।साथै पालिकाको आन्तरिक राजस्व बढाउन पालिका अन्तर्गत रहेका सबै पोखरीको समयमा नै ठेक्का गर्नुपर्दछ | |
| २८ | | | **कर तथा शुल्क असुली** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८.१</td><td></td><td></td><td>कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>3000000</td><td>1085383.25</td><td>36.18</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>200000</td><td>5950</td><td>2.98</td></tr>
<tr><td>व्यवसाय कर</td><td>800000</td><td>286545</td><td>35.82</td></tr>
<tr><td>शिक्षा क्षेत्रका आम्दानी</td><td>100000</td><td>440121</td><td>440.12</td></tr>
<tr><td>व्यवसाय राजिष्ट्रेशन दस्तुर</td><td>800000</td><td>3098331</td><td>387.29</td></tr>
<tr><td>अन्य राजस्व</td><td>1000000</td><td>4139411.61</td><td>413.94</td></tr>
<tr><td>बेरुजू</td><td>200000</td><td>17220</td><td>8.61</td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।<br>
सवारी कर : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने लक्ष्य राखेको छैन। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।</td><td></td></tr>
<tr><td>२८.२</td><td></td><td></td><td>आयको अनुमानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय÷व्ययको अनुमानमा</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ६० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७।७८ मा रु. ९० लाख ७२ हजार अर्थात अनुमान भन्दा ५१.१२ प्रतिशत बढी आय प्राप्त गरेको छ ।</td><td></td></tr>
<tr><td>२८.३</td><td></td><td></td><td>आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७७।७८ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।
<table>
<tr><td>केन्द्रिय अनुदानबाट खर्च</td><td>आन्तरिक आय</td><td>आन्तरिक आय प्रतिशत</td></tr>
<tr><td>२४३९५६०००</td><td>९०७२०००</td><td>३.७२</td></tr>
</table>
उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.४४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पर्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>धरौटी फिर्ता खर्च<br><br>धरौटी फिर्ता खर्चः अर्थ मन्त्रालय राजस्व महाशाखाको च.न. ३६९-२०६९।७० मिति २०६९।६।१७ को परिपत्र अनुसार मूल्य अभिवृद्वि कर भुक्तानी गर्ने कार्यालयहरुले अन्तिम भुक्तानी वा कुनै धरौटी फिर्ता गर्नु पूर्व व्यवसायीले भुक्तानी लिएको मूल्य अभिवृद्वि सहितको रकमको सम्वन्धमा त्यस्ता करदाता दर्ता रहेको ठूला करदाता कार्यालय तथा सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट मूल्य अभिवृद्वि कर समायोजन गरेको प्रमाण पेश गरे पछि मात्र अन्तिम भुक्तानी वा धरौटी फिर्ता खर्च लेख्नु पर्ने व्यवस्था छ । पालिकले देहायका निर्माण व्यवसायीहरुलाई धरौटी रकम रु. ७४८१२३।- फिर्ता खर्च लेखेकोमा निज व्यवसायीलाई रनिंग विल भुक्तानी दिदा दिएको मुल्य अभिवृद्घि कर रकमको सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट समायोजन गरेको पत्र वेगर धरौटी फिर्ता गरेकोमा मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नु पर्ने रु.</td><td>७४८,१२३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>क्र सं</td><td>निर्माण व्यवसायीको नाम</td><td>धरौटी फिर्ता रकम</td></tr>
<tr><td>1.</td><td>ज्योति कन्सट्रक्सन कम्पनी</td><td>१२७५२</td></tr>
<tr><td>2.</td><td>सुजल कन्सट्रक्सन</td><td>१२८८१६</td></tr>
<tr><td>3.</td><td>कस्तुरी निर्माण सेवा</td><td>२००५४०</td></tr>
<tr><td>4.</td><td>रोशनी निर्माण सेवा</td><td>२१४२०</td></tr>
<tr><td>5.</td><td>खुशी कन्सट्रक्सन</td><td>१२६०३</td></tr>
<tr><td>6.</td><td>जे पी निर्माण सेवा</td><td>१२६७७</td></tr>
<tr><td>7.</td><td>गम्मा निर्माण सेवा</td><td>१२८६४</td></tr>
<tr><td>8.</td><td>त्रिवेणी कन्सट्रक्सन</td><td>२०६१२</td></tr>
<tr><td>9.</td><td>तिलौराकोट निर्माण सेवा</td><td>१५९६७</td></tr>
<tr><td>10.</td><td>पुजा कन्सट्रक्सन</td><td>९१५१०</td></tr>
<tr><td>11.</td><td>ओम कन्सट्रक्सन</td><td>३८९९३</td></tr>
<tr><td>12.</td><td>सुजल कन्सट्रक्सन</td><td>१२९२५५</td></tr>
<tr><td>13.</td><td>महिमा कन्सट्रक्सन</td><td>५०११४</td></tr>
<tr><td></td><td>जम्मा करम</td><td>७४८१२३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>बढि सुविधा<br>स्थानीयतहका पदाधिकारी तथा सदस्यहरुको सुविधासम्बन्धी एन, २०७७ मा पदाधिकारी तथा सदस्यलाइ भुक्तानी गर्ने सेवा सुविधा सम्बन्धी व्यवस्था छ । पालिकाले मासिकरुपमा पालिकाका पदाधिकारी र सदस्यहरुलाइ उक्त सुविधा भुक्तानी गरेकोमा देहायका पदाधिकारी र कर्मचारीको दोहोरो भत्ता असूल गर्नुपर्ने रु</td><td>२३,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| क्र सं | भौ नं र मिति | पदाधिकारी र सदस्यको नाम | थप सुविधाको प्रयोजन | असूल हुनुपर्ने रकम |
|---|---|---|---|---|
| १ | 105 08.18 | उपाध्यक्ष श्रीमती कन्यावती उपाध्याय | संचार महसुल | 3000 |
| २ | 168 09.13 | उपाध्यक्ष श्रीमती कन्यावती उपाध्याय | संचार महसुल | 3000 |
| ३ | 201 09.16 | उपाध्यक्ष श्रीमती कन्यावती उपाध्याय | औषधि उपचार खर्च | 17000 |
| जम्मा | | | | 23000 |

३१

**पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च**

पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च - पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनोट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनोट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।नमुना छनोटको आधारमा परीक्षण गर्दा यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई पूँजीगत शीर्षकबाट रु. 2128680 भुक्तानी दिएको पाइयो ।

| भौ.नं. र मिति | कार्यक्रम | खर्च गरिएको क्षेत्र | रकम |
|---|---|---|---|
| ३५७-२०७८।३।२४ | कृषि शाखा व्यवस्थापन तथा अन्य | धान दिवस | ५२२०० |
| ३३१-२०७८।३।२३ | संस्थागत तथ्यांक अध्यावधिक | शैक्षिक दर्पण २०७७ प्रतिवेदन | १५०००० |
| ३३४-२०७८।३।२४ | वडा अध्यक्ष मार्फत संचालन हुने योजना वार्ड नं. ७ | विविध खर्च | ३९००० |
| ३१९-२०७८।३।२२ | वडा अध्यक्ष मार्फत संचालन हुने योजना वार्ड नं. ८ | विविध खर्च | १०००० |
| २८२-२०७८।३।१९ | वडा अध्यक्ष मार्फत संचालन हुने योजना वार्ड नं. ४ | शान्ति आधारभूत विद्यालयलाई प्रोत्साहन भत्ता | १०००० |
| २२०-२०७८।३।११ | वडा अध्यक्ष मार्फत संचालन हुने योजना वार्ड नं. ३ | माक्स, झोला, सेनिटाइजर | १००००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | २२१-२०७८।३।११ | वडा अध्यक्ष मार्फत संचालन हुने योजना वार्ड नं. ३ | कार्यालय सामान खरिद | २०५०० | |
| | | | २२२-२०७८।३।११ | वडा अध्यक्ष मार्फत संचालन हुने योजना वार्ड नं. ५ | माक्स, झोला, सेनिटाइजर | १२५००० | |
| | | | २११-२०७८।३।७ | वडा अध्यक्ष मार्फत संचालन हुने योजना वार्ड नं. २ | माक्स, सेनिटाइजर | ९२००० | |
| | | | २१४-२०७८।३।७ | वडा अध्यक्ष मार्फत संचालन हुने योजना वार्ड नं. ४ | विविध खर्च | ३५००० | |
| | | | १८३-२०७८।२।३० | वडा अध्यक्ष मार्फत संचालन हुने योजना वार्ड नं. ३ | कार्यालय सामान खरिद | ७८७३० | |
| | | | १८८-२०७८।३।१ | वडा समिति मार्फत निर्णयगरी संचालन गर्ने योजना वार्ड नं. ५ | कार्यालय सामान खरिद | ९६५०० | |
| | | | १८८-२०७८।३।१ | वडा समिति मार्फत निर्णयगरी संचालन गर्ने योजना वार्ड नं. ५ | खेलकुद पोशक विद्रयालयको लागि | ५०००० | |
| | | | १७३-२०७८।२।२५ | वडा अध्यक्ष मार्फत संचालन हुने योजना वार्ड नं. ४ | खाजा र अनुगमन भत्ता | ९९७५० | |
| | | | १४९-२०७८।२।३ | वडा अध्यक्ष मार्फत संचालन हुने योजना वार्ड नं. ४ | सेमरी गाउँमा दुर्गा पुजा | २०००० | |
| | | | १५०-२०७८।२।३ | वडा अध्यक्ष मार्फत संचालन हुने योजना वार्ड नं. ४ | विष्णु महायज्ञमा टेन्ट | १२५००० | |
| | | | १०४-२०७८।१।९ | वडा अध्यक्ष मार्फत संचालन हुने योजना वार्ड नं. ८ | गेट उद्घाटन | ५०००० | |
| ३२ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br><br>प्रधानमन्त्री रोजगार कार्यक्रमः कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गर्ने कुल निकासा प्राप्त रु.१९८४६०००।- मध्येबाट कृषि तथा सिंचाई ३१ वटा, सडक यातायत २ वटा र शिक्षा तथा खेलकुद २ वटा गरी ३५ वटा कार्यमा सामग्री खरिद तथा ढुवानी र कण्टिन्जेन्सी खर्च बाहेक श्रमिक ज्यालामा रु. ८३६७८४३.७१ खर्च भएको देखिन्छ । रोजगार कार्यक्रममा आवद्ध हुनको लागि १५१८ जनाले निवेदन दिएकामा जम्मा ४६२ जना छनोट भएको प्रतिवेदन गाँउपालिकाले तयार गरेको छ । पालिकका ८ वटा वडा मध्ये ७ वटा वडामा यो कार्यक्रम संचालन भएको जानकारी गाँउपालिकाले दिएको छ । ७ | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | वटा वडामा सञ्चालित कार्यक्रममा ४६२ जनालाई दैनिक ५१७ को दरले अधकतम ९९ दिन देखि न्यूनतम २ दिन रोजगारी दिएको पाइयो ।यसरी सञ्चालित कार्यक्रमको नापी तथा मूल्यांकन तयार गरे पनि कार्य दिन र कूल कार्य बीच तुलना गर्न सक्ने अवस्था छैन । | |
| ३३ | | | **सवारीसाधन खरिद** | |
| ३३.१ | | | वडा सचिवको पदपूर्ति: पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरूको पदपूर्ति गर्नुपर्दछ ।<br>वडा संख्या: ८; वडा सचिवको दरबन्दी: ८; वडा सचिवको पदपूर्ति: ४; रिक्त वडा सचिव: ४ | |
| ३३.२ | | | सवारीसाधन खरिद- अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान मोटरसाइकल रू. ६७७८१०।- खर्च गरेको छ । सवारी साधन तथा भारी उपकरण सञ्चालन सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी सवारी साधन उपयोग गर्नु पर्दछ । | |

Table in item ३३.१:

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ८ | ८ | ४ | ४ |